# मिति २०७८ कार्तिक ६ गतेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं.१ :-** यहि मिति २०७८ कार्तिक १ गते देखि ३ गते सम्म परेको अविरल वर्षाबाट कर्णाली नदीमा आएको बाढीका कारण यस टीकापुर नगरपीलकाको विभिन्न वडा तथा वस्तीहरुमा मानविय क्षतिका साथै ठूलो मात्रामा भौतिक तथा आर्थिक क्षति व्यहोर्नु परेको हुँदा विपद् प्रतिकार्य र विपद् पूर्नलाभका लागि देहाय बमोजिम गर्ने ।

क) चालु आ.व. ०७८/०७९ का लागि यस नगरपालिकाको विपद् व्यवस्थापन शिर्षक अन्तर्गत विनियोजित बजेट मध्येबाट तत्कालको बाढी तथा डुवानजन्य विपद्को व्यवस्थापनका लागि रु.५०,००,०००। (पचास लाख) को सीमा भित्र रही खर्चको व्यवस्था मिलाउने ।

ख) विपद् व्यवस्थापन कोषका लागि आवश्यक पर्ने थप बजेट व्यवस्थापन सम्बन्धमा चालु आ.व. ०७८/०७९ का लागि स्वीकृत भएका वडा तथा केन्द्रिय स्तरका योजना तथा कार्यक्रमहरु मध्ये तुलनात्मक हिसावले कम प्राथमिकतामा रहेका आयोजना तथा कार्यक्रमहरु कटौती गरी उक्त आयोजना तथा कार्यक्रमहरुको बजेटबाट व्यवस्था मिलाउने ।

ग) क्षति हुन पुगेको बालीनाली , पशुपंक्षी, मत्स्य लगायतका सम्बन्धित कृषकहरुलाई क्षतिपूर्ति ,राहत तथा अनुदान प्याकेजका लागि संघ तथा प्रदेश अन्तरगतका कार्यालयका साथै संघ, संस्था लगायतका निकायहरुलाई अनुरोध/आह्वान गर्ने ।

घ) स्वास्थ्य , शिक्षा लगायतका विषयगत क्षेत्रमा बाढी तथा डुवानबाट पर्न गएको असर तथा क्षती न्यूनिकरण र व्यवस्थापनका लागि उचित राहत अनुदानको प्याकेजका लागि संघ तथा प्रदेश अन्तरगतका कार्यालयका साथै संघ, संस्था लगायतका निकायहरुलाई अनुरोध/आह्वान गर्ने ।

**निर्णय नं. २ :-**विपद्बाट क्षति पुगेका सडक लगायतका भौतिक संरचनाहरुको पूर्ननिर्माणका साथै दीर्घकालिन समाधानको लागि कर्णाली नदी लगायत सहायक कूलो (रानी ,जमरा, कुलरिया र मोहना नदी)मा तटबन्धन निर्माण लगायतका आवश्यक कार्यका लागि प्रदेश सरकार / संघीय सरकार समक्ष अनुरोध गर्ने ।

**निर्णय नं. ३ :-** यहि मिति २०७८ कार्तिक १ गते देखि ३ गते सम्म परेको अविरल वर्षाबाट यस क्षेत्रमा आई परेको विपद्को प्रतिकार्यमा आर्थिक , भौतिक तथा मानविय रुपमा सहयोग पुर्‍याउनु हुने विभिन्न संघ, संस्था, संगठन/गै.स.स/समुह/व्यक्तिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने साथै विपद् पूर्नलाभका कृयाकलापमा सहयोगका लागि आह्वान गर्ने ।

निमित प्रमुख प्रशासकीय अधिकृत